# प्रदेश बालअधिकार ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेश बालअधिकार ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बालअधिकार (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश बालअधिकार ऐन, २०७७ को दफा २ मा संशोधन :**

(१) प्रदेश बालअधिकार ऐन, २०७७ (यस पछि "मूल ऐन" भनिएको) को मूल ऐनको दफा २ (ङ) मा रहेको "प्रदेश सरकार, प्रदेश नं २" भन्ने शब्दलाई हटाइ सो सट्टा "मधेश प्रदेश सरकार" भन्ने शब्दहरु थपिएको छ।

(२) मूल ऐनको दफा २(ठ) मा रहेको "प्रदेश नं २ सामाजिक विकास मन्त्रालय भनेकोमा" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "मधेश प्रदेशको सम्बन्धित प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु थपिएको छ ।

(३) मूल ऐनको दफा २(ड) मा "प्रदेश २ भित्रका नगरपालिका वा गाउँपालिका" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "मधेश प्रदेश भित्रका नगरपालिका वा गाउँपालिकालाइ सम्झनुपर्दछ। सो शब्दले जिल्ला सभालाइ समेत जनाउँछ।" भन्ने शब्दहरु थपिएको छ।

३. **मूल ऐनको दफा ८ मा संशोधन :** मूल ऐनको दफा ८ को (२) मा "बालबालिका मैत्री" शब्दको सट्टामा "बालमैत्री" शब्द थपिएको छ।

४. **मूल ऐनको दफा ९ मा संशोधन :** मूल ऐनको दफा ८ को (४) पछि देहायको खण्ड थपिएको छ ।

८(५) स्थानीय तहसँग समन्वय एवम् सहकार्य तोकिएको व्यवस्था बमोजिम हुनेछ।

५. **मूल ऐनको दफा १२ मा संशोधन :** मूल ऐनको दफा १२ को (३) को सट्टा देहायको १२(३) राखुपर्ने "परिवार समूदाय विद्यालय सार्वजनिक निकाय वा सस्थाको तहमा बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई व्यवस्थित गर्न कार्यविधि अनुसार स्थानीय तहले बालमैत्री विधि र प्रक्रिया निर्भारण गर्नसक्नेछ।"

६. **मूल ऐनको दफा १३ मा संशोधन :**

(१) मूल ऐनको दफा १३(१) मा रहेको "बालसंरक्षणका" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "बालसहभागितालाई सुनिश्चित गर्नका" भन्ने शब्दहरु थपिएको छ ।

(२) मूल ऐनको दफा १३(२) मा "दर्ता" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "दर्ता वा सुचिकृत" भन्ने शब्दहरु थपिएको छ।

(३) मूल ऐनको दफा १३(३) मा "दर्ता" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "दर्ता वा सुचिकृत" भन्ने शब्दहरु थपिएको छ।

७. **मूल ऐनको दफा १८ मा संशोधन :** मूल ऐनको दफा १८ को (ज) पछि देहायको खण्ड थपिएको छ ।

१८. (ज)१ बालकल्याण अधिकारीको नियुक्ति वा तोक्ने, बालमनोविज्ञ तथा समाजसेवीको सुचिकरण गर्ने, बालकोषको स्थापना गर्ने ।

८. **मूल ऐनको दफा २३ मा संशोधन :**

(१) दफा २३ (२) मा भएको "उपदफा (१) को प्रयोजनको लागि प्रदेश सरकारले उद्योग व्यवसाय, ईटाभट्टा, सवारी साधन, घरेलु कामदार, विवाहमा रोडलाईट बोक्ने ..." शब्द पछि "होटल व्यवसाय र सडक मगन्ते बालबालिका" शब्दहरु थपिएको छ ।

(२) दफा २३ (२) पछि देहायको खण्ड थपिएको छ ।

२३.(३) प्रदेशले बालश्रम मुक्त बनाउन स्थानीय तहसँग समन्वयकारी भूमिका खेल्नेछ।

९. **मूल ऐनको दफा २४ मा संशोधन :** मूल ऐनको दफा २४ (३) मा देहायको शब्दहरु थपिएको छ।

२४. (३) विपद तथा माहामारीबाट जोगिनको लागि प्रदेश सरकारले पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

१०. **मूल ऐनको दफा ३८ मा संशोधन :**

(१) मूल ऐनको दफा ३८(२)क मा रहेको "प्रदेश नं २ सामाजिक विकास मन्त्रालय" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु थपिएको छ ।

(२) मूल ऐनको दफा ३८(२)ग मा रहेको "सचिव- आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "सचिव - गृह तथा संचार मन्त्रालय -सदस्य" भन्ने शब्दहरु थपिएको छ ।

(३) मूल ऐनको दफा ३८(२)घ मा रहेको "सचिव- आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "सचिव- अर्थ मन्त्रालय - सदस्य" भन्ने शब्दहरु थपिएको छ ।

(४) मूल ऐनको दफा ३८(२)छ मा रहेको "निर्देशक - प्रदेश शिक्षा निर्देशनालय - सदस्य" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "सचिव- कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय - सदस्य" भन्ने शब्दहरु थपिएको छ ।

(५) मूल ऐनको दफा ३८(२)छ मा रहेको "निर्देशक - प्रदेश स्वास्थ्य निर्देशनालय -सदस्य" भन्ने शब्दलाई हटाई त्यसको सट्टा "सचिव- बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य" भन्ने शब्दहरु थपिएको छ ।

(६) मूल ऐनको दफा ३८(२)ठ पछि थप गर्नुपर्ने

(ड) प्रदेशस्तरीय बालक्लब/संजालको प्रमुख/प्रतिनिधि - १ जना

(७) मूल ऐनको दफा ३८(३) को सट्टा देहायको ३८(३) राखिएको छ "प्रदेश बालअधिकार समितिले आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकार मातहतका निकायका प्रतिनिधि, बालअधिकारको क्षेत्रमा कार्यरत व्यक्ति वा विशेषज्ञ तथा सामाजिक संस्थाका प्रतिनिधिलाई

समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ” भन्ने शब्दलाई हटाई त्यसको सट्टा “प्रदेश बालअधिकार समितिले आवश्यकता अनुसार नेपाल सरकार र प्रदेश सरकार मातहतका निकायका प्रतिनिधि, प्रदेश अन्तर्गत गठित गाउँपालिका महासंघको प्रतिनिधि, नगरपालिका महासंघको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको प्रतिनिधि, बालअधिकारको क्षेत्रमा कार्यरत व्यक्ति वा विशेषज्ञ तथा सामाजिक संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ” भन्ने शब्दहरु थपिएको छ।

**१०. मूल ऐनको दफा ४१ मा संशोधन :**

(१) मूल ऐनको दफा ४१(२)च मा रहेको “प्रमुख, जिल्ला अस्पताल” भन्ने शब्दलाई हटाई त्यसको सट्टा “प्रमुख, प्रादेशिक स्वास्थ्य कार्यालय” भन्ने शब्दहरु थपिएको छ ।

(२) मूल ऐनको दफा ४१(२)मा थप गर्नुपर्ने

(झ) जिल्लास्तरीय बाल क्लब संजालको प्रमुख/ प्रतिनिधि १ जना — सदस्य

(३) मूल ऐनको दफा ४१(५) बाट मा भएको “जिल्ला बालकल्याण समितिका सदस्यले” भन्ने शब्दहरु हटाइएको छ।

**११. मूल ऐनको दफा ४५ मा संशोधन :**

(१) मूल ऐनको दफा ४५(५) पछि देहायको ४५(५)क, ४५(५)ख र ४५(५)ग थपिएको छ

४५(५) क. यस ऐन बमोजिम बालबालिकाले प्राप्त गरेको अधिकार लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाले पनि प्राप्त गर्न सक्नेछन्।

४५(५) ख. प्रत्येक लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई बुवा आमा वा संरक्षक बस्ने आवासमा बस्ने हक हुनेछ।

४५(५) ग. कुनै बालबालिकालाई बुवाआमा, परिवार वा संरक्षकबाट उसको लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएको आधारमा विभेद गरी घरबाट अलग्याउन पाइने छैन।

(२) मूल ऐनको दफा ४५(६) को सट्टा देहायको दफा ४५(६) राखिएको छ "प्रदेश सरकारले बालमैत्री स्थानीय शासन अवधारणा लागू गर्न, गराउन कार्यविधि निर्माण गर्ने र सो अनुरुप स्थानीय तहसँग समन्वय एवम् सहकार्य गर्न सक्नेछ" भन्ने शब्दहरु थपिएको छ।

१२. **मूल ऐनको दफा ४८ मा संशोधन** : मूल ऐनको दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छ "समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार कुनै अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्नेगरी समिति, मन्त्रालयको कुनै कर्मचारी वा अन्य कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ" भन्ने शब्दहरु थपिएको छ ।